**निर्णय नं १**

आर्थिक वर्ष २०७९/०८० को आयव्ययअनुमान स्वीकृतिकालागिनगर सभामा पेश गर्ने तथावडागतवजेट सिलिङ्ग र योजनातर्जुमामार्गदर्शन निम्नानुसार स्वीकृत गरी वडालाई उपलव्ध गराउने निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरपालिकाको बार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७६नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको बजेट सिलिङ्ग र मार्गदर्शन तथा विगत बर्षहरुमा भएको स्रोत परिचालनको अवस्थालाई मध्यनजर गरी वडास्तरमा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गर्दै आ.ब. 2080/081 का लागि योजना छनौट गर्न धनकुटा नगरपालिकाबाट वडालाई निम्नानुसारको वडा स्तरिय वजेट सिलिङ्ग साथ मार्गदर्शन तयार गरी पठाईएको छ । उक्त मार्गदर्शन र बजेट सिलिङ्गको सीमाभित्र रही आ–आफ्नो वडाको कार्यक्रम तथा बजेट तयार गरी संलग्न समय सीमा भित्र धनकुटा नगरपालिका समक्ष पेश गर्नु पर्ने छ ।

1. वडा स्तरिय बार्षिक बजेट तथा योजना तर्जुमा गर्दा तपशिल वमोजिम क्षेत्र र उपक्षेत्रहरु छुट्याई योजना तथा कार्यक्रम निर्धारण गर्नु पर्नेछ । बार्षिक योजनाहरु तथा कार्यक्रमहरु छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले छुटिने गरी गाउँ टोल स्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरि नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।योजना तर्जुमाका क्षेत्रहरु निमुनानुसार रहने छन् ।

| क्षेत्र | उप–क्षेत्र |
|---|---|
| आर्थिक विकास | कृषि,उद्योग,पर्यटन,सहकारी, वितिय क्षेत्र,जलश्रोत तथा सिँचाई,पशुपन्छी विकास,आपुर्ति,श्रम तथा रोजगारी,गरिवि निवराण |
| सामाजिक विकास | सामाजिकसुरक्षा तथा संरक्षण,युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृती,शिक्षा,स्वास्थ्य,लैंगिक समानता तथा सामाजिक समावेशिकरण |
| पूर्वाधार विकास | यातयात पूर्वाधार,भवन,आवास तथा सहरी विकास, उर्जा, पुननिर्माण, सम्पदा पूर्वाधार, सुचना तथा संचार,जल विधुत |
| सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | मानबसंशाधन विकास, स्थानिय योजना तथा तथ्यांक प्रणाली,प्रशासकीय सुशासन,कानुन तथान्याय,शान्ति तथा सुव्यवस्था,संस्थागत क्षमता विकास |
| बन तथा वातावरण | वनतथा भुसंरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोर मैला व्यवस्थापन,विपदजोखिम न्युनिकरण,जल उत्पन्न प्रकोप नियन्त्रण |

2. वडास्तरमा कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्रत्येक वडाको भौगोलिक क्षेत्रफल, विकासको स्तर, वडाको जनसंख्या, आन्तरिक आयमा भएको योगदान र गरिवीको अवस्था समेतका आधारमा वडा सिलिङ्ग निर्धारण गरी पठाईको छ । सिलिङ्गमा प्राप्त रकमवाट वडाले योजना वनउदा सामाजिक विकास समेतका (समावेशी, लैगिक उत्तरदायी, लक्षित समूह) योजना समावेशगरी तर्जूमा गर्नुपर्ने छ ।

(रकम लाखमा)

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रकमरुलाखमा | ५५ | ५० | ४५ | ४५ | ४५ | ५० | ५० | ५० | ५० | ४५ |
| सञ्चालन तथा विविध खर्च रु हजारमा | ४६८००० | ३७२००० | ३७२००० | ३७२००० | ३७२००० | ३७२००० | ४३८००० | ३७२००० | ३७२००० | ३७२००० |

3. वडास्तरका वडा कार्यालय संचालनका लागि कार्यालय संचालन तथा मसलन्द, विविध खर्च, उपलब्ध हुनेछ ।

4. उल्लेखित बजेटबाट संचालन गरिने भौतिक पूर्वाधारतर्फ कम्तिमा १ वटा वडाको गौरवको योजना छनौट गर्नुपर्ने छ ।सो नभएमा पूर्वाधारतर्फ१ वटा योजना ७ लाख भन्दा बढी लगानी हुने गरी छनौट गर्नु पर्ने छ । अन्य भौतिक निर्माण तर्फका योजनाहरु कम्तिमा १ लाख भन्दा माथि लगानी हुने गरी छनौट गर्नुपर्ने छ ।

5. तोकिएको समय भित्र २ नम्वरमा उल्लेख भएका क्षेत्र अनुसार वजेट र कार्यक्रम तयार गरी प्रिन्ट कपी र इलेक्ट्रोनिक कपी २०८०/३/२८ गते भित्रमा प्रशासन योजना तथा अनुगमन शाखामा विधुतीय कपी र हार्ड कपी अनिवार्य रुपमा वुझाउनु पर्ने छ ।
6. लक्षित तथा अन्य सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरुको हकमा ५० हजार भन्दा कम नहुने गरी कार्यक्रम छनौट गर्नुपर्ने छ ।
7. सडक सम्बन्धी योजनाहरु भएमा नयाँ ट्रयाक खोल्ने कार्यलाई भन्दा सडक स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ
8. २ वा २ भन्दा बढी वडाहरु जोड्ने सडक संजाल, खानेपानी जस्ता अत्यावश्यक पुर्वाधारहरु विस्तार गर्नु पर्ने भएमा २ वा २ भन्दा बढी वडाहरुको संयुक्त बजेट विनियोजन गरी सार्वजनिक खरिदका प्रकृयाबाट निर्माण गर्न सकिनेछ ।
9. वडा स्तरिय बजेटबाट कार्यालय संचालन तथा विविध खर्च जस्ता कार्यालय प्रयोजनका लागि खर्च गर्न पाईने छैन ।
10. कार्यपालिका सदस्यको सिफारिसमा सञ्चालनहुने योजना समेत वडावाट सिफारिस हुनुपर्ने छ ।
11. योजना प्रथमिकीकरण गर्दा निम्न आधार लिनु पर्ने छ ।
    1. वाँझो रहेको जग्गामा खेती गर्ने, कृषि उत्पादन तथा उत्पादकत्व वढाउने, स्थानिय रोजगार सिर्जना हुने, स्थानिय स्रोत तथा साधनहरुको प्रयोग हुने, पशुपंक्षी पालनमा वढावा दिने योजना ।
    2. राजश्व अभिवृद्धिमा सहयोग पुर्याउने योजना ।
    3. सेवाप्रवाह र सुशासन कायम गर्न सहयोग पुर्याउने योजना ।
    4. शैक्षिक विकासमा योगदान दिने र निरक्षता उन्मुलन हुने योजना ।
    5. दीगो विकास, वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद तथा प्रकोप व्यवस्थापनमा सहयोग पुग्ने योजना ।
    6. फोहरमैला व्यवस्थापन गर्ने योजना ।
    7. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
    8. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
    9. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
    10. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
    11. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
    12. महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
    13. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
    14. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
    15. **पर्यटन**भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
    16. वडाले आवश्यक देखेका अन्य बिषयहरु।

12. प्राकृतिक प्रकोप तथा प्रकोप जन्य दुर्घटनाहरुलाई मध्यनजर गर्दै सवै वडाहरुले आ-आफ्नो वडा भित्रका सडक खुलाउने, सरसफाइ गर्ने, पहिरो पन्छाउने जस्ता सानातिना मर्मत संभारका कार्यहरुमा प्राथमिकता दिनु पर्नेछ ।
13. सर्वसाधारण नागरिकको जिवन सुरक्षा, खाध्यन्न तथा आवास सुरक्षाका लागि त्रिपाल वितरण जस्ता कार्यहरुलाई समेत अनिवार्य रुपमा वजेट व्यवस्था गर्ने ।
14. आ-आफ्नो वजेट सिलिङ्गभित्रका योजना तथा नगर स्तरिय कार्यक्रममा समावेश गर्न सिफारिस गरिएका योजनाहरुको ढाँचा अनुसुचि १ मा उल्लेख गरिएको छ ।

<u>निर्णय नं २</u>

धनकुटानगरपालिकाको २०७९ असार १० गते गर्नुपर्ने नगरसभाको तयारीकालागि यस अघि स्वीकृत योजनातर्जुमा क्यालेण्डरलाई निम्नानुसार हेरफेर गर्ने निर्णय गरियो ।

१. योजनातर्जूमा प्रकृया सम्वन्धीअभिमुखिकरण,– २०८०/०२/१ गते ११.००वजे
२. स्थानीय राजश्व परामर्श समितिको वैठक –२०८०/०२/२
३. आगामी ३ आ.व.मा हुने खर्चको प्रक्षेपण सहितमध्यमकालीनखर्च संरचना सहित सार्वजनिकखर्चको विवरणतयारी – २०८०/०२/८ सम्म
४. संघ,प्रदेश को अनुदान राजश्ववाँडपाँडको सिमा र मार्ग दर्शन तयारी तयारी –२०८०/०२/२४
५.
६. कुलवजेट अनुमानसिमानिर्धारण र वजेट तर्जुमा २०८०/०२/२५
७. वजेट सिमा र मार्गदर्शन कार्यपालिकावाट स्वीकृत –२०८०/०३/२६
८.
९. टोलवस्ती स्तरमा योजनाछनौट –२०८०/०३/२८
९. वडा सभा – २०८०/०३/२८
१०.विषयगतशाखा, महाशाखाबाटविषयगत क्षेत्रका योजनाकार्यक्रमको प्राथमिकतानिर्धारण र संकेतीकरण–२०८०/०३/२९ सम्म
११. वजेट तथाकार्यक्रमको तयारी –२०८०/०३/२९
१२. गैसस तथाविकास साझेदारसँग बैठक –२०८०/०३/२८
१३. आर्थिक विधेयकको तयारी –२०८०/०३/२८ सम्म
१४. विनियोजन विधेयकको खाकातयारी –२०८०/०३/२८ सम्म
१५. कार्यपालिकाको वैठक –२०८०/०३/३०
१६. नगर सभाको बैठकमानीति , बजेट तथाकार्यक्रम प्रस्तुती –२०८०/०३/३०

निर्णय नं ३

आगामीआ.व.मा ठेक्काप्रकृयावाट सञ्चालनहुने योजनाहरुको श्रावणमहिनाभित्रलागतअनुमानतयार,भाद्र महिनामा ठेक्का सूचना गरी कातिकमहिनाभित्र ठेक्का सम्झौता गरी कार्यादेश दिई सक्ने गरी कार्यतालिका तय गर्न कार्यालयलाई जिम्मादिने निर्णय गरियो ।

निर्णय नं ४

विहिवारे हाटठोका भिरगाउ सडक स्तरोन्नतिको काम गर्न सम्झौताभई कार्यादेश पाएका सुदिक्षाथुलुङ्गकन्स्ट्रक्सनकाप्रोपाईटर प्रकास थुलुङ्गले् समयमाकार्य सम्पन्ननगरेका कारणप्रदेशसरकारवाटप्राप्त समपुरक कोषको रकमफिर्ता भई सडक अलपत्रअवस्थामा रहेको हुनाले यस कार्यालयमानिजको नाममा रहेको धरौटीजफत गरी सडक मर्मतमालगाउने निर्णय गरियो ।

निर्णय नं ५

मधुगंगाधाम संरक्षणतथाविकास योजनानिर्माणकार्यको प्राविधिकप्रतिवेदन समेतकाआधारमा धनकुटानगरपालिकाको सार्वजनिकखरिद नियमावली २०७८ नियम १२९ (३) वमोजिमम्याद समाप्तभएको मितिवाट २०८० असोज मसान्त सम्म थप गर्ने निर्णय गरियो ।